नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/१२/०९ गते काठमाडौं महानगरपालिकासँगको संयुक्त अनुगमनमा काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | सुनिता खाजा घर, काठमाडौं म. न. पा.-१६, सोर्हखुट्टे (सिद्धि गणेश मा. वि.) | • भन्सामा अनावश्यक वस्तुहरू भण्डारण गरेको<br>• Pest control को अवस्था सन्तोषजनक नरहेको<br>• फ्रिजमा अव्यवस्थित तरिकाले खाद्य पदार्थहरूको भण्डारण गरीएको<br>• पकाएर राखेको तयारी खाद्य वस्तु नछोपी राखेको<br>• सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• फ्राइङ्ग तेलको टि.पि.एम (TPM) परिक्षण गर्दा २.५% भई मापदण्ड अनुरूप नै पाइएको। | • उल्लेखित कैफियतहरू सुधार गर्ने<br>• भान्सामा सजिलो सँग सफा गर्न मिल्ने किसिमको टेबुलको प्रयोग गर्ने<br>• सरसफाइमा ध्यान दिई भान्सालाई सफा र व्यवस्थित गर्ने<br>• कामदारको व्यक्तिगत सरसफाइमा ध्यान दिने निर्देशन दिएको। |
| २. | नेपाल युवक क्यान्टिन, काठमाडौं म. न. पा.-१६, पकनाजोल, ठमेल (नेपाल युवक मा. वि.) | • सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• पकाएर खाने खाद्य पदार्थमा कृत्रिम रङ्गको प्रयोग गरेको पाइएको<br>• भन्साको संरचना तथा पूर्वाधार व्यवस्थित नरहेको। | • सरसफाइमा ध्यान दिने<br>• भान्साको संरचना तथा पूर्वाधार व्यवस्थित गरी सो को प्रमाण ३ दिन भित्र विभागमा पेश गर्ने<br>• पकाएर खाने खाद्य पदार्थमा कृत्रिम रङ्गको प्रयोग नगर्ने खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा (२५) बमोजिम खाद्य स्वच्छता कायम गरी सेवा प्रदायकले पुरा गर्नु पर्ने दायित्व पुरा गर्ने निर्देशन दिएको। |

Bharma

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/१२/१२

# अनुगमनका केही झलकहरू







